बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८३।८४

चलानी नम्बर :


मितिः२०८३/०६/०७

## कृषक महानुभावहरुमा भारी वर्षा तथा डुवान सम्बन्धी सूचना !

नेपालका मौसमविद तथा नेपाल मौसम विज्ञान विभागबाट जारी भएको सूचना अनुसार मिति २०८३ असोज ९ गते देखि ११ गतेसम्म लुम्बिनी प्रदेशमा अत्याधिक वर्षा हुन सक्ने सम्भावना रहेको हुदाँ यस बाणगंगा नगरपालिकाको कृषि विकास शाखाद्वारा समस्त कृषकहरू, कृषि समूह, सहकारी संस्थाहरुले खेतमा धान काट्न, नयाँ बाली लगाउन उपयुक्त समय नभएको र कृषि क्षेत्रमा विभिन्न रोग, कीराको प्रकोपको जोखिम उच्च रहन सक्ने हुँदा तपसिल अनुसारका कार्यहरुमा ध्यान दिनुहुन सम्बन्धीत सबैमा हार्दिक अनुरोध गरिन्छ।

**तपसिल**

१. वर्षा सुरु हुनु अगाडी खेत बारीमा जाने बाटो, गल्ली, कूलो तथा अन्य माध्यमबाट भल पस्न नदिनुहोस।
२. हालको अवस्थामा धान नकाट्नुहोस।
३. नयाँ बाली तुरुन्त नलगाउनुहोस।
४. बाली नालीमा आवश्यक पर्ने मल, बिउ, औजार तथा अन्य सामग्रीको प्रयोग उचित समयपछि मात्र गर्नुहोस।
५. खेतमा पानीको निकासको व्यवस्था मिलाउनुहोस।
६. कृषि प्राविधिकको सल्लाह र मौसमको जानकारी अनुसार मात्र खेतीपाती सम्बन्धी कार्य गर्नुहोस।
७. भारी वर्षाको समय तथा नदी खोलामा बाढी आएको बेलामा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता राखेर मात्र कृषि कार्य गर्नुहोस।

थप जानकारीको लागि बाणगंगा नगरपालिका, कृषि विकास शाखामा सम्पर्क राख्नु हुन।
सम्पर्क नम्बरः ९८४१३५२७४७, ९८४७२८४७००, ९८५७०५१३६३

२०८३।६।७

लेष बहादुर के.सी
नि. प्रमुख प्रशासकीय अधिकृत

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**